# कृषि ज्ञान केन्द्र, दाङ्गको प्रस्ताव आव्हान सम्वन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७६/०८/२६ गते

चालु आ.व. ०७६/०७७ मा यस ज्ञान केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **अभियानमुखी लसुन/प्याज मिसन कार्यक्रम** संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक कृषक/फार्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थाहरुले तपसिल वमोजिकका कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति ०७६/०९/२५ गतेभित्र) यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निवेदन र प्रस्तावको ढाँचा यस केन्द्रको वेव साईट dang.akc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**कार्यक्रम विवरण**

(क) **कार्यक्रम :** अभियानमुखी लसुन/प्याज मिसन **(ख) कार्यक्रम सञ्चालन हुने क्षेत्र :** दङ्गीशरण गापा, शान्तीनगर गापा, ववई गापा र तुलसिपुर उमनपाको १२ नं. वडा **(ग) वालीको नाम :** लसुन र प्याज

**(घ) मापदण्ड**

| सि.नं. | विवरण | न्यूनतम क्षेत्रफल (कठ्ठा) | अधिकतम अनुदान रकम रु | अनुदान उपलब्ध हुने कृयाकलापहरु |
|---|---|---|---|---|
| १. | कृषक एकल वा संयुक्त | ३० | एक लाख | विउ, भण्डारण, सिंचाई तथा अन्य खेती कार्यको लागि प्रयोग हुने उपकरण खरिद |
| २. | कृषि फर्म तथा निजी उद्यमी | ६० | दूई लाख | |
| ३. | कृषक समूह/जल उपभोक्ता समिति/कृषि सहकारी | ३०० | दश लाख | |

**ङ) पेश गर्नुपर्ने कागजातहरु**

१.निवेदन फाराम

२.अनुसूची-४ अनुसारको विस्तृत कार्ययोजना, डिजाइन तथा लागत अनुमान

३.कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि

५. सम्बन्धित स्थानीय तह कृषि विकास शाखाको सिफारिस पत्र

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

७.जग्गाको स्वामित्व देखिने कागजात र करार सम्झौताको प्रतिलिपि

८.स्थायी लेखा नम्बर(PAN)/ मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि

९.प्रस्तावकको प्रतिवद्धता-पत्र (साझेदारी रकम, दोहोरो अनुदान उपलब्ध नभएको)

१०.शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाण-पत्र तथा वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि

**नोट : थप जानकारीका लागि यस केन्द्रका सहायक सूचना अधिकारी श्री फिर्तुमान चौधरी (९७५८००१९३८) संग सम्पर्क गर्नुहुन ।**